# नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
## पुल्चोक, ललितपुर

**जापानको ओसाका, कन्साईमा संचालन हुने वर्ल्ड एक्स्पो २०२५ मा नेपालको तर्फबाट आधिकारिक आयोजक संस्था भई काम गर्न इच्छुक राष्ट्रिय फर्म/कम्पनी तथा संस्थाबाट गोप्य सिलवन्दी प्रस्ताव आव्हान**

(सूचना प्रकाशित मिति २०८०/२/१६ गते)

सन् २०२५ अप्रिल १३ देखि २०२५ अक्टुवर १३ सम्म जापानको ओसाका, कन्साईमा संचालन हुन गई रहेको वर्ल्ड एक्स्पो २०२५ मा नेपालको तर्फवाट आधिकारीक आयोजक संस्था भई काम गर्न इच्छुक राष्ट्रिय फर्म/कम्पनी/तथा संस्थाहरुलाई मिति २०८०/२/३१ भित्र संस्था दर्ता, स्थायी लेखा नं. (PAN) दर्ता मू.अ.क. दर्ता तथा आ. व. २०७८/७९ सम्मको कर चुक्ता भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु सहित तपसिलमा उल्लेखित शर्तहरु अनुसार रितपूर्वक गोप्य सिलवन्दी प्रस्ताव गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. प्राविधिक तथा आर्थिक प्रस्ताव संलग्न रहेको प्रस्ताव (Request for Proposal ) खरिद गर्न इच्छुक राष्ट्रिय फर्म/कम्पनीतथा संस्थाहरुले रु ५०००।- (अक्षेरुपी पाँच हजार मात्र) फिर्ता नहुने देहाय वमोजिमको वैकंमा दाखिला गरेको भौचर साथ फर्म/कम्पनी/तथा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी सहित केन्द्रमा मिति २०८०/२/३० सम्म कार्यालय समय भित्र लिखित निवेदन पेश गरी प्रस्ताव प्राप्त गर्न सकिनेछ ।

कार्यालय : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोक, ललितपुर

कार्यालय कोड : ३०७८१३४०१

राजश्व शिर्षक नम्बर : १४२२९

बैक : नेपाल बैक लिमिटेड, ललितपुर

बैंक खाता नम्बर : ००१०१००००००००१००१००१

२. इच्छुक राष्ट्रिय फर्म/कम्पनी तथा संस्थाहरुले प्रस्तावमा उल्लेख भए वमोजिम आधिकारीक व्यक्तिले सहिछाप गरी संस्थाको छाप लगाईएको प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलवन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो सो स्पस्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई छुट्टै खाम वन्दी गरी वर्ल्ड एक्स्पो २०२५ भनी उल्लेख गर्नु पर्नेछ । सहभागिताका लागि न्यूनतम रोयल्टी रकम रु ५३,५८,९००।- (अक्षेरुपी त्रिपन्न लाख अन्ठाउन्न हजार नौ सय मात्र) तोकिएको हुँदा सोही आधारमा आफुले कबोल गरेको रोयल्टी रकम आर्थिक प्रस्तावमा खुलाई उल्लेख भए बमोजिम छुट्टै सिलवन्दी खाममा पेश गर्नु पर्नेछ ।

३. यस खरिद कार्य अन्तर्गत करार सम्झौता भए पश्चात फिर्ता हुने गरी जमानतका रुपमा रु १,६०,०००।- (अक्षेरुपी एक लाख साठी हजार मात्र) को वैंक भौचर वा सो रकम बराबरको "क" वर्गको वैंक ग्यारेण्टी (प्रस्ताव पेश गर्ने अन्तिम मिति पश्चात् १२० दिनको मान्य अवधि भएको) प्रस्तावमा उल्लेख भए वमोजिम प्राविधिक प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

४. पेश भएका प्रस्तावहरुको मूल्याङ्कन प्रस्तावमा उल्लेख भए वमोजिम गरिनेछ । यस सम्वन्धी थप जानकारी आवश्यक भएमा मिति २०८०/०२/२४ दिनको १:०० वजे यस केन्द्रमा पूर्व-प्रस्ताव छलफलको आयोजना गरिने छ ।

५. प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय क्रमशः मिति २०८०/०२/३१ दिनको १२:०० वजे सम्म हुनेछ। रितपूर्वक पेश भएका प्राविधिक प्रस्तावहरु सोही दिनको १:०० वजे उपस्थित प्रतिनिधीहरुको रोहवरमा (प्रतिनिधिहरु उपस्थित नभए पनि) खोलिनेछ ।

६. प्रस्तावहरुको मान्य अवधि प्रस्ताव पेश गर्ने अन्तिम मिति पश्चात् ९० दिनको हुनेछ ।

७. प्रस्ताव दाखिला गर्ने अन्तिम मितिमा सार्वजिनिक विदा परे भोलि पल्ट वा कार्यालय खुलेको दिन प्रस्ताव पेश गर्ने अन्तिम मिति हुनेछ । सो वमोजिम प्रस्ताव पेश गर्ने अन्तिम समय दिनको १२:०० वजे सम्म तथा प्राविधिक प्रस्तावहरु खोलिने समय सोही दिनको १:०० वजे हुनेछ ।

८. अन्य प्रावधानहरु प्रस्तावमा उल्लेख भए वमोजिम हुनेछ ।

९. रित नपुगी वा म्याद नाघी वा पूर्व शर्त राखी प्राप्त हुन आएको प्रस्ताव माथि कुनै कारवाही गरिने छैन ।

१०. कुनै कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहनेछ ।

११. प्रस्ताव (Request for Proposal ) सम्वन्धी विस्तृत जानकारी केन्द्रको website: tepc.gov.np बाट हेर्न सकिनेछ र थप जानकारी प्राप्त गर्न चाहेमा केन्द्रमा कार्यलय समय भित्र सम्पर्क गर्न सकिनेछ ।